१४.   धरौटी रकम जम्मा गरिने : (१) विद्यालयले यस कार्यविधिको बुँदा नं १३ बमोजिमको  धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नपर्नेछ।

१५.   सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयको नियमनको लागि संघीय शिक्षा मन्त्रालयले जारी गरेको कार्यविधिअनुसार हुनेछ ।

## परिच्छेद-२
## विद्यालय समायोजन, कक्षा थपघट तथा शिक्षक व्यवस्थापन सम्बन्धी व्यवस्था

१६.विद्यालयको कक्षा थप गर्न सकिने : (१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै गाउँकार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ । यस बमोजिम निवेदन परेमा गाउँपालिकाले थप हुने कक्षाको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझगर्न शिक्षा शाखामा पठाइदिनेछ । शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा निर्णयको निमित्त शिक्षा समितिमा पेश गरी समितिको सिफारिश अनुसार गाउकार्यपालिकाले शैक्षिकसत्र सुरु हुनु अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ।

तर

प्राविधिक शिक्षा प्रदान गर्ने वाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमतिका लागि कार्यविधि लागुहुनपूर्व कक्षा ११ को अनुमति पाइसकेकाको हकमा कक्षा १२ को अनुमति गाउँ शिक्षा समितिको सिफारिसमा  गाँउकार्यपालिकाले दिनसक्नेछ। यस कार्यविधिको बुँदा नं १६ बमोजिम कक्षा थपका लागि यस कार्यविधि लागुहुन पूर्व रीतपूर्वक निवेदन परेका आधारभूत विद्यालयका हकमा एक पटकका लागि गाउँकार्यपालिकाले शैक्षिक सत्र सुरु भएपश्चात पनि पाँच महिनाभित्र कक्षा थपको अनुमति दिन सक्नेछ।

१७.विद्यालय समायोजन र कक्षा थपघट : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज अनुसार गाउँ कार्यपालिकाले
गाउँ शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका दुई वा दुईभन्दा बढी
विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा सञ्चालन भइरहेका कक्षा थपघट गर्न सक्ने छ।
१८. यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयमध्ये एक विद्यालय अर्को
विद्यालयको नजिक दूरीमा रहेर सीमित जनसङ्ख्यालाई सेवा पुऱ्याएका तर प्रारम्भिकविद्यालय (कक्षा १-३), प्राथमिक विद्यालय (कक्षा १-५), आधारभूत विद्यालय (कक्षा १-८)
विद्यालयका रूपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरू पनि पूरा हुन नसक्ने
विद्यालयलाई नजिकको विद्यालयसँग गाभी सञ्चालनमा ल्याईनेछ।
१९. तत्काल समायोजन गर्नुपर्ने देखिएमा विगतमा निम्नमाध्यमिक तह (कक्षा ६-८)
सञ्चालनमा रहेका र हाल आधारभूत तह (१-८) मा सञ्चालनमा रहेका तथा माध्यमिक

